नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
स्थानीय प्रशासन/गुनासो/संघ-संस्था शाखा
ललितपुर

फ्याक्स: ०१-५५२३०५१
फोन: ०१-५५२११६५, ०१-५५५२८४४
०१-५५५५४७५ (प्र.जि.अ.)
०१-५५३५१२९ (स.प्र.जि.अ.)
ईमेल: daolalitpur5@gmail.com
वेभसाइट: www.daolalitpur.moha.gov.np

पत्र संख्या :- ०७६/०७७
चलानी नम्बर :- 2002
प्राप्त पत्र संख्या र मिति :-

"सबल निजामती प्रशासन : विकास, समृद्धि र सुशासन"

मिति: २०७६।१२।११

## जिल्ला प्रशासन कार्यालय, ललितपुरद्वारा जारी अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको COVID-19 को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रण गर्न नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६।१२।०९ गतेको निर्णयानुसार मिति २०७६ चैत्र ११ गते बिहान ६:०० बजे देखि २०७६ चैत्र १८ गते बिहान ६:०० बजे सम्म लागु हुने गरी पूर्ण लक डाउन (LOCK DOWN) को निर्णय भए बमोजिम संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिमको आदेश जारी गरिएको छ ।

देहाय

१. औषधी उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने ।
२. स्वास्थ्य, सुरक्षा, खाद्यवस्तु, खानेपानी, दुध, विद्युत, दुरसंचार, सूचना तथा संचार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन जस्ता अति आवश्यक सेवा बाहेक अन्य कार्यालय संचालनको लागि आवश्यक पर्ने कर्मचारीहरु मात्र उपस्थित हुने व्यवस्था मिलाउन र कर्मचारीलाई आवश्यक परेको बखत तत्काल उपस्थित हुने गरी सम्बन्धित कार्यालय प्रमुखले बिदा दिने व्यवस्था मिलाउने ।
३. जिल्ला प्रशासन कार्यालयबाट अनुमती प्राप्त सवारी साधन स्वास्थ्यकर्मी सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुवाहक सवारी साधन संचालन नगर्नु नगराउनु हुन ।
४. औषधी तथा स्वास्थ्य उपकरण, खाद्यवस्तु, खानेपानी, दुध, इन्धन, उत्पादन गर्ने उद्योगहरु बाहेक निजी क्षेत्रबाट संचालित अन्य उद्योग कलकारखानाहरुमा काम गर्ने श्रमिक, कर्मचारीहरुलाई सम्बन्धित उद्योगले बिदा दिने व्यवस्था मिलाउने ।
५. व्यवसायीहरुले औषधी र औषधीजन्य सामाग्रीहरुको नियमित आपुर्तिको व्यवस्था गर्ने । अभाव देखाई मूल्यवृद्धि गर्ने वा कालाबजारी, जम्माखोरी वा लुकाउने वा आपुर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रणमा लिई कानून बमोजिम कारवाही गरिने छ । उक्त सामाग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गरिने छ ।
६. स्थानीय सरकारहरुले पनि आ-आफ्नो क्षेत्रभित्र लक डाउन पूर्ण रुपमा लागू गर्ने गरी व्यवस्था मिलाउने र शंकास्पद व्यक्तिहरुलाई क्वारेन्टाइन बस्ने व्यवस्था मिलाउने ।
७. यो आदेश कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले प्रमुख जिल्ला अधिकारीलाई प्राप्त अधिकार बमोजिम जिल्लास्थित सरकारी कार्यालयका सवारी साधनलाई नियन्त्रणमा लिई विपद् जोखिम न्यूनीकरणका लागि प्रयोग गरिनेछ ।
८. अत्यावश्यक कामको लागि सवारी साधन अनुमती प्राप्त गर्नका लागि जिल्ला प्रशासन कार्यालयसँग सम्पर्क गर्नुहुन ।
९. समाचार संस्था तथा संचारकर्मीले प्रयोग गर्ने सवारी साधनको हकमा सूचना विभागले जारी गरेको प्रेस पासलाई मान्यता दिइनेछ।

२०७६।१२।११

प्रमुख जिल्ला अधिकारी